# स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, स्याङ्जाको

# अपिल

नेपालको संविधानले गरेको तीन तहको सरकार सम्बन्धी व्यवस्था अनुरुप सबै जिल्लामा स्थानीय तह पुनर्संरचना सम्बन्धी कार्य भैरहँदा स्याङ्जा जिल्लाको स्थानीय तहको पुनर्संरचना सम्बन्धी कार्यका लागि स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, स्याङ्जाले समितिलाई प्राप्त कार्यशर्त तथा कार्यविधिको अधिनमा रहेर सम्बन्धित क्षेत्रको भौगोलिक अवस्था, आवागमनको सुविधा, सन्तुलित स्थानीय तह निर्माणको आधारकासाथै जनताको अधिकतम मतलाई सम्बोधन गर्ने गरि जिल्लामा क्रियाशिल सबै राजनीतिक दलका प्रमूख एवं प्रतिनिधिहरु समेतको अधिकतम सहमतीमा स्थानीय तह पुनर्संरचना सम्बन्धी प्रस्ताव तयार गरि सम्बन्धित आयोगमा पेश गरिसकेको छ ।

हाल जिल्लाको स्थानीय तहको पुनर्संरचना सम्बन्धी विषयलाई लिएर जिल्लाका केहि स्थान विशेषबाट विरोध प्रदर्शन भैरहेको प्रति प्राविधिक समितिको गम्भिर ध्यान आकर्षण भएको छ । ईतिहासमा कमै मात्र प्राप्त हुने यस किसिमको अवसरमा मूलतः जनताको सुविधालाई केन्द्र विन्दुमा राखेर नै पुनर्संरचना सम्बन्धी प्रस्ताव तयार गरिएको हो, तथापी यो विषय जटिल राजनीतिक मुद्दा पनि हो । जनताबाट प्राप्त भएका सबै गुनासा र सुझावहरुलाई प्राविधिक सहयोग समितिले गम्भिरता पूर्वक लिँदै यसमा साझा धारणा र सहमतीका लागि स्याङ्जा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने व्यवस्थापिका संसदका सबै माननीय सदस्यज्यूहरुलाई यहि २०७३ मंसिर ४ गते शनिवारका दिन संयुक्त बैठक बसेर अन्तिम सुझाव प्रस्ताव गर्न अनुरोध गरिसकिएको छ । अतः उक्त बैठकबाट स्याङ्जाको बृहत्तर हितका लागि सबैलाई समेट्ने किसिमबाट पुनर्संरचना सम्बन्धी प्रस्तावको अन्तिम टुङ्गो लाग्ने विश्वासकासाथ जिल्लामा जारी सबै विरोधका कार्यक्रमहरु स्थगन गरी संयम रहनुहुन आम स्याङ्जाबासीहरुमा हार्दिक अनुरोध छ ।

**स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति**

**स्याङ्जा**